# कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश


**चेतनाथ पौडेल**

त्रि. वि. दर्ता नं. : १२०२०-८९

क्याम्पस रोल नं. : २६७/२००८ (सन्)

परीक्षा क्रमाङ्क : २१४०७०३/२०११ (सन्)


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, मोरङ,
नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको
नेपाली शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत गरिएको

**शोधपत्र**


सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ
नेपाली शिक्षा विभाग
२०७० / 2013

# निर्देशकको सिफारिस पत्र

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा. शि. ५९८ पाठ्यांश प्रयोजनका लागि प्रस्तुत **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश** शीर्षकको शोधपत्र शोधार्थी **चेतनाथ पौडेल**ले मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै लगन तथा मेहनतका साथ गर्नुभएको प्रस्तुत अध्ययन सन्तोषजनक भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोधनिर्देशक

मिति : २०७०/०९/०४

.............................

(**प्रेमप्रसाद भट्टराई**)

नेपाली शिक्षा विभाग

सुकुना बहुमुखी क्याम्पस

# कृतज्ञता ज्ञापन

**कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त सुकुना बहुमुखी क्याम्पस (इन्द्रपुर, मोरङ), शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

नेपाली भाषामा शोध कार्य वा शैक्षणिक प्रयोजनका लागि यस्ता कोश निर्माण गर्ने कार्य हुन थालेको लामो समय भएको छैन । यही चुनौतीको सामना गर्न मैले कोश निर्माणलाई नै शोध कार्यको विषय चयन गरेको हुँ । प्रस्तुत शोध कार्य सम्पन्न गर्न कुशल निर्देशन दिई निरन्तर सहयोग गर्नुहुने मेरा शोधनिर्देशक आदरणीय गुरु **प्रेमप्रसाद भट्टराई**प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी शोधपत्रको यस प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गर्ने नेपाली शिक्षा विभाग, स्नातकोत्तर कार्यक्रम, सुकुना बहुमुखी क्याम्पसका नेपाली शिक्षा विभागका सम्पूर्ण गुरुवर्गमा पनि म आभार प्रकट गर्दछु ।

मलाई यस शोधपत्रको अन्तिम स्वरूप तयार गर्न प्रेरित गरिरहनुहुने सुकुना बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख **पीतकुमार श्रेष्ठ**, स्नातकोत्तर कार्यक्रम संयोजक **लक्ष्मीकुमार श्रेष्ठ**, सहायक क्याम्पस प्रमुखद्वय **मोहन काफ्ले** र **प्रेमप्रसाद भट्टराई** तथा नेपाली विभागका प्रमुख उप प्राध्यापक **अमृतप्रसाद आचार्य** एवम् सम्पूर्ण क्याम्पस परिवारमा म धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै यस कार्यमा महत्त्वपूर्ण सहयोग गर्नुहुने पथरी बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख **अर्जुनकुमार बुढाथोकी** र यस क्याम्पसका प्राध्यापक मित्रहरू **शङ्कर देवान** र **सोमनाथ निरौला** तथा भागीरथ उ.मा.वि. शनिश्चरेका प्राचार्य **डिल्लीराज दाहाल**मा पनि म आभार व्यक्त गर्न चाहन्छु । यसैगरी सामग्री सङ्कलन गरी ल्यापटपसमेत उपलब्ध गराएर सहयोग गर्नुहुने **सम्झना भट्टराई**ले लगाएको गुन म बिर्सन सक्तिनँ ।

यो शोधपत्र तयार गर्न सामग्री सङ्कलन, कम्प्युटर टाइपिङ तथा डिजाइनिङका काममा मलाई अनवरत सहयोग गर्ने मेरी श्रीमती **मञ्जु दाहाल**, छोरा **नायक** र छोरी **नमिरा पौडेल**प्रति पनि म असीम ममता व्यक्त गर्दछु ।

**शोधकर्ता**

मिति : २०७०/०९/०३ **चेतनाथ पौडेल**

# शोधसार

शोधशीर्षक : **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश**

शोधार्थी : चेतनाथ पौडेल

शोधनिर्देशक : उप प्रा. प्रेमप्रसाद भट्टराई

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ

शैक्षिक वर्ष : शैक्षिक वर्ष २०६५-६६

पृष्ठ सङ्ख्या : ८४

जम्मा अध्याय : चार

# शोधप्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, नेपाली दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को आवश्यकता परिपूर्तिको प्रयोजनका लागि तयार पारिएको हो । यस अध्ययनको उद्‌देश्य विद्‌यालय तहअन्तर्गत नेपाली भाषामा लेखिएका शब्दकोशहरूको अवस्था पत्ता लगाई तिनको उपयोगिताको पहिचान गरी कक्षा ६ का बालबालिकाको स्तर सुहाउँदो एउटा नमुना शब्दकोशको निर्माण गर्नु हो ।

चार अध्यायमा विभाजित यस शोधको पहिलो अध्यायमा पृष्ठभूमि, समस्याकथन, अध्ययनका उद्‌देश्यहरू, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, सीमा, अध्ययनविधि र शब्द छनोटका आधार तथा शोधपत्रको रूपरेखा पस्तुत गरिएको छ । त्यस्तै अध्याय दुईमा शब्दकोशको सैद्धान्तिक परिचय, शब्दकोशका प्रकार र स्वरूप उल्लेख गरिएको छ । अध्याय तिनमा कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोशको प्रस्तुति रहेको छ । यो अध्याय यस अध्ययनको मूल भाग रहेकाले यसमा ४६१ शब्द वर्णानुक्रममा राखी तिनको उच्चारण, स्रोत, शब्दवर्ग, बनोट, अर्थ, पर्यायवाची तथा विपरीतार्थी शब्द आवश्यकताअनुसार समेटी शब्दलाई वाक्यमा प्रयोग गर्ने काम सम्पन्न गरिएको छ ।

अध्याय चारमा भने विद्‌यालय तहका लागि लेखिएका शब्दकोशहरूको अवस्था केलाई तिनको प्रयोगको अवस्थालाई स्पष्ट पार्दै कक्षा ६ का बालबालिकाको स्तर सुहाउँदा शब्दकोशको निर्माण गर्न सकिने र त्यस्ता शब्दकोशको उपयोगितालाई झल्काउने चेष्टा

गरिएको छ भने अन्त्यमा शब्दकोश निर्माणका लागि सुझावहरू प्रस्तुत गर्ने काम पनि भएको छ । अध्ययनको अन्तिममा शोधलाई प्रामाणिक र वस्तुनिष्ठ बनाउन प्रयोग गरिएका सन्दर्भसामग्रीको सूची राखिएको छ ।

विद्यालय तहका लागि लेखिएका शब्दकोशको अवस्था ज्यादै न्यून रहेको देखिन्छ । सङ्क्षिप्त, सरल, सजिलो शब्दकोश भनी नाम दिएर विद्यालय तहका विद्यार्थीका लागि पाठ्य पुस्तक तथा दैनिक व्यवहारका शब्दहरू सङ्गृहीत गरेर शब्दकोश लेखिएको स्थिति छ । तर यी शब्दकोशहरूको प्रयोग भने लक्षित वर्गले नगण्य रूपमा मात्र गरेको पाइन्छ । नेपाली भाषा विषयका लागि यस्ता कोशहरूको लेखन व्यावसायिक रूपमा हुन नसके पनि अध्ययन, अनुसन्धान तथा शोध कार्यको उद्देश्यपूर्तिका लागि मात्र हुने गरेको पाइन्छ । यस कुराले के सङ्केत गर्दछ भने कम्तीमा पनि विद्यालय स्तरमा तहगत वा कक्षागत रूपमा शब्दकोश निर्माण गर्न सकिने अवस्थालाई नजरअन्दाज गर्न सकिन्छ । यसरी हेर्दा कक्षा ६ का विद्यार्थीहरूको स्तर सुहाउँदा शब्दकोशहरू निर्माण गर्न सकिने स्थिति देखिन्छ ।

विद्यालय स्तरमा तहगत वा विषयगत शब्दकोश निर्माण गर्दा शिक्षणसिकाइ क्रियाकलापमा निम्न किसिमले उपयोगी हुने कुरा निष्कर्षमा प्रस्तुत गरिएको छ :

- शब्दको अर्थ पाउन ।
- शब्दलाई अर्थ खुल्ने गरी वाक्य निर्माण गर्न ।
- शब्दको शुद्ध उच्चारण गर्न ।
- शब्दको स्रोत थाहा पाउन ।
- शब्दको शुद्ध हिज्जे प्रयोग गर्न ।
- पर्यायवाची तथा विपरीतार्थक शब्दहरू थाहा पाउन ।
- एक शब्दलाई अनेक अर्थमा प्रयोग गर्न ।
- शब्दको निर्माण प्रक्रिया बुझ्न ।
- शब्दहरूलाई कोशीय अनुक्रममा राख्न ।
- शब्दकोशको प्रयोग गर्न ।

# विषयसूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

विषय सूची

तालिका

सङ्क्षेपीकृत सूची

चिह्न सूची

| क.सं. | विषय वस्तु | पेज नं. |
|---|---|---|
| १ | **अध्याय : एक** | १-६ |
| | **शोधप्रताव** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | अध्ययनका उद्देश्यहरू | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको औचित्य | ४ |
| १.६ | अध्ययनको सीमा | ५ |
| १.७ | अध्ययनविधि र शब्द छनोटको आधार | ६ |
| १.८ | शोधपत्रको रूपरेखा | ६ |
| २ | **अध्याय : दुई** | ७.१६ |
| | **शब्दकोशको सैद्धान्तिक परिचय** | |
| २.१ | परिचय | ७ |
| २.२ | शब्दकोशका प्रकार | ८ |
| २.३ | शब्दकोशको सवरूप | १० |
| २.३.१ | पूर्वभाग | ११ |

२.३.१.१ शीर्षक ११
२.३.१.२ प्राक्कथन र भूमिका ११
२.३.१.२.१ कोशको प्रयोजन र क्षेत्र १२
२.३.१.२.२ कोशको स्रोत १२
२.३.१.२.३ कोशविधान प्रक्रिया १२
२.३.१.२.४ कोशनिर्देशिका १२
२.३.१.३ सङ्क्षेप सूची १५
२.३.१.४ विराम र सङ्केत चिह्न १५
२.३.२ मूल भाग १५
२.३.३ उत्तर भाग १६
३ **अध्याय : तिन** १७.७७
**कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोशको प्रस्तुति**
४ **अध्याय : चार** ७८.८१
**निष्कर्ष तथा सुझाब**
४.१ निष्कर्ष ७८
४.२ शब्दकोश निर्माणका लागि सुझाबहरू ८०
सन्दर्भसामग्री सूची ८२.८३

# तालिका सूची

| क्र.सं. | तालिकाको नाम | पेज नं. |
|---|---|---|
| १ | सङ्क्षिप्त शब्दको नमुना | १३ |
| २ | विराम र सङ्केत चिह्नको नमुना | १५ |

# विराम तथा सङ्केत चिह्न सूची

| **चिह्न** | **चिह्नको नाम** |
|---|---|
| / | विभाजक, विकल्प जनाउने |
| - | योजक / निर्देशक चिह्न |
| . | सङ्क्षेप चिह्न |
| + | संयोजक / जोड |
| / / | उच्चरित रूप |
| ( ) | विवृति / स्पष्टीकरण / रूपायन आदि |
| [ ] | व्युत्पादन / व्युत्पत्ति |
| ..... | खाली |
| : | व्याख्या / सापेक्ष / निर्देशक |
| > | अगिल्लोबाट व्युत्पादन |
| < | पछिल्लोबाट व्युत्पादन |
| । | पूर्णविराम |
| , | अल्पविराम |
| ; | अर्द्धविराम |
| ? | प्रश्नविराम |
| ! | उद्गार / विस्मयादिबोधक |
| ‘ ’ | एकोहोरो उद्धरण |
| “ ” | दोहोरो उद्धरण |

# सङ्क्षेप सूची

| | |
|---|---|
| अ. | : अरबी |
| अक्रि. | : अकर्मक क्रिया |
| अङ्. | : अङ्ग्रेजी |
| अमू | : अनुकरणमूल |
| अव्य. | : अव्यय |
| उखा. | : उखान |
| उदा. | : उदाहरण |
| एक. | : एकवचन |
| क्रि. | : क्रिया |
| क्रियो. | : क्रियायोगी |
| क्रिवि. | : क्रिया विशेषण |
| कोक. | : कोटिकर |
| गु. | : गुरुङ |
| चि. | : चिनिया |
| डा. | : डाक्टर |
| ति. | : तिर्यक् |
| तु. | : तुर्की |
| तुल. | : तुलनीय |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| द.नं. | : दर्ता नम्बर |
| दो.सं. | : दोस्रो संस्करण |

| | |
|---|---|
| द्वि. | : द्वित्व |
| ना. | : नाम |
| नाधा. | : नामधातु |
| नायो. | : नामयोगी |
| निपा. | : निपात |
| नेपा. शि. | : नेपाली शिक्षा |
| नेवा. | : नेवारी |
| पं. | : पण्डित |
| पु. | : पुलिङ्ग |
| पुरु. | : पुरुष |
| प्रा.लि. | : प्राइभेट लिमिटेड |
| प्रेकि. | : प्रेरणार्थक क्रिया |
| फा. | : फारसी |
| बहु. | : बहुवचन |
| बाबो. | : बालबोली |
| लघु. | : लघुतावाची |
| वि. | : विशेषण |
| विप. | : विपरीतार्थी |
| विबो. | : विस्मयादिबोधक |
| विसं. | : विक्रम संवत् |
| सं. | : संस्कृत |
| संयो. | : संयोजक |
| संवा. | : सङ्ख्यावाचक |

| | |
|---|---|
| सकि. | : सकर्मक किया |
| सम्पा. | : सम्पादक |
| सर्व. | : सर्वनाम |
| सा.सं. | : सातौँ संस्करण |
| स्त्री. | : स्त्रीलिङ्ग |
| हेय. | : हेयार्थी |